आज मिति २०८०/०६/ १४ गते आईतबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपिसलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रबिन्द्र जोशी | सदस्य | |
| ४. | रबिन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर विष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | विर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| | | | |
| | | | |

CamScanner

## मिति २०८०।०६।१४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१.**

माथी छलफल गर्दा उपयुक्त ईन्टरनेट सेवाको अभावका कारण गाउँपालिका तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सार्वजनिक सेवा उपलब्ध गराउन समेत समस्या देखिएको र आम गाउँपालिका बासी नागरिकलाई समेत सहज ईन्टर सेवा उपलब्धताका कारण प्राप्त हुने सेवाबाट समेत वञ्चित हुनुपर्ने अवस्थालाई मध्यनजर गर्दै हाल NT-Fiber लाईन पुगेको झनाना बजार देखि गाउँपालिका केन्द्र सम्म NT-Fiber लाईन विस्तारको लागि सम्बन्धित निकाय नेपाल दुरसञ्चार प्राधिकरणमा आग्रह गर्ने निर्णय गरियो।

**निर्णय नं.२.**

आउदै गरेको विजया दशमीको अवसरमा सधैका वर्षझै थलारा खोलीमा आयोजना गरिने दशैमेलालाई व्यवस्थित तथा प्रभावकारी रुपमा मनाउने साथै मेलाको आर्थिक व्यवस्थापनको लागि आवश्यक हुने रकम रु ५,००,०००।– (अक्षरुपी पाँच लाख मात्र)पालिकाको युवा तथा खेलकुद शिर्षकबाट खर्च हुने गरी छुट्याउने निर्णय गरियो।

**निर्णय नं.३.**

आउदै गरेको विजया दशमीको अवसरमा पारी विगत देखिनै गरिदै आएको मौला पुजा तथा पालिका अन्तर्गतका प्रहरी चौकीलाई दशै मनाउन पालिकाको कला तथा साहित्य शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी निम्नानुसारका दरले रकम छुट्याउने निर्णय गरियो।

**तपसिल**

मौला पुजा गाउँपालिका-२०,०००।–

मौला पुजा वादी-४०,०००।-

इलाका प्रहरी चौकी (खोली)- २०,०००।-

प्रहरी चौकी वगाडा- १५,०००।–/

प्रहरी चौकी मालुमेला- १५०००।–

अस्थायी प्रहरी चौकी, झोता-१५,०००।-

**निर्णय नं.४**

थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालन हुने(विशेष र समपुरक अनुदान अन्तर्गतका योजना बाहेक) योजना तथा कार्यक्रमहरुको थलारा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ मा तोकिएको प्रक्रिया एवं व्यवस्था अनुरुप हुने गरी मिति २०८० मंसिर ५ गतेसम्म उपभोक्ता समिति गठन गरिसक्न सम्पुर्ण वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

CamScanner